# पशु स्वास्थ्य तथा सेवा मापदण्ड,२०७८

**दार्मा गाउँपालिका, सल्यान**
**कर्णाली प्रदेश**
**नेपाल**

## स्थानीय राजपत्र

**खण्ड -५,** **सङ्ख्या : १४** **मिति : २०७८/१२/३०**

**भाग -२**


# दार्मा गाउँपालिका

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०७८/१२/२४

प्रमाणीकरण मिति : २०७८/१२/३०

# पशु स्वास्थ्य तथा सेवा मापदण्ड,२०७८

प्रस्तावना

दार्मा गाउँपालिकाको अर्थतन्त्रको महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित वनाउँन साथै स्वस्थ पशुपंक्षि पालन गरी उपभोक्तालाई गुणस्तरीय पशुजन्य पदार्थ उपलव्ध गराउँनको लागी पशुपंक्षिको उपचार गर्न बान्छनीय भएकोले दार्मा गाउँपालिका, पशु सेवा शाखाले देहायको मापदण्ड बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "पशु स्वास्थ्य तथा सेवा मापदण्ड,२०७८" हुनेछ ।

(२) यो मापदण्ड गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,यस मापदण्डमाः

(क) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्छ ।

(ख)" पशु" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जंगली जनावर सम्झनु पर्छ र सो शव्दले पंक्षी र माछालाई समेत जनाउँछ ।

(ग) "पशुधनी" भन्नाले पशुको स्वामित्व जिम्मा लिई पशुपंक्षि पालन गर्ने व्यक्ति सम्झनु पर्छ।

(घ) "उपचार" भन्नाले विरामी पशुपंक्षिको स्वास्थ्य अवस्था हेरी पशु स्वास्थ्यमा सुधार गरी सामान्य अवस्थामा ल्याउँने कार्य सम्झनु पर्छ।

(ङ) "खोप" विभिन्न संक्रामक रोगहरुको कारण बन्न सक्ने भाइरस, व्याक्टेरिया वा किटाणुले बनाउँने विषाक्त पदार्थको शाक्ति कमजोर गर्ने पदार्थ (भाक्सिन) बनाई, त्यस पदार्थलाई शरीर भित्र हाली,रोगसँग लड्न सक्ने शाक्ति (प्रतिरोधात्मक क्षमता) बनाउँने कार्यलाई खोप भनिन्छ। "खोप" मा प्रयोग गरिने तरल औषधिलाई "भाक्सिन" सम्झनुपर्छ।

(च) " कृत्रिम गर्भाधान" भन्नाले पोथी जनावरले भाले खोजेकी वेलामा भाले नगाई पोथीको गर्भाशयको मुखमा दक्ष प्राविधिकद्धार कृत्रिम उपकरण (ए.आई.गन) प्रयोग गरी कृत्रिम तरीकाले विर्य पुर्याई गर्भाधान गराउँने तरीकालाई सम्झनु पर्छ ।

(छ) "ईपिडिमियोलोजी "भन्नाले पशु सेवा शखा र पशु सेवा केन्द्रले पशुपंक्षिमा लाग्ने रोगहरु र स्वास्थ्यसंग सम्वन्धित कारकहरुको घटना विवरण र सम्भावित रोगहरुको नियन्त्रण सम्वन्धित रिपोर्ट सम्झनु पर्छ ।

(ज) "वन्ध्याकरण" भन्नाले गुणस्तरिय मासु उत्पादनका लागी भाले पशुहरुमा शल्यक्रिया वा बडिर्जो मेसिनद्धारा प्रजजन् कार्यमा अयोग्य गराउँने कार्य सम्झनु पर्छ।

(झ) "तालिम कार्यक्रम" भन्नाले कृषकस्तर आधारभूत व्यवहारिक तालिम कार्यक्रम सम्झनु पर्छ ।

(ञ) "अनुदान कार्मक्रम" भन्नाले कृषकहरुलाई विभिन्न व्यवसायिक कार्यक्रममा दिईन प्रोत्साहन सम्झनु पर्छ ।

## परिच्छेद -२
## पशु सेवा शाखाले गर्ने कार्यहरु

३. उपचार सेवाः (१) पशु सेवा शाखाले पशु उपचारको लागी पशुहरुको औषधिको व्यवस्था गर्नुपर्नेछ ।

(२) पशु सेवा शाखामा कृषकहरुले ल्याएका विरामी पशुहरुको स्वास्थ्य अवस्था हेरी आवश्यक उपचार गरी रेर्कड

राख्नुपर्नेछ।

४. वन्ध्याकरणः कृषकहरुले शाखामा ल्याएका भाले पशुहहरुको वर्डिजोको सहायताले वन्ध्याकरण गरी रेर्कड राख्नु पर्नेछ ।

५. कृत्रिम गर्भाधाणः कृषकहरुले पालेका पोथि पशुहरुमा कृत्रिम गर्भाधाण गर्न जानकारी गराएमा पशु सेवा शाखाले सोको व्यवस्था गर्नुपर्ने छ ।

६. खोप सेवाः पशुहरुमा लाग्ने महामारी रोगहरुबाट वचाउँन पशुहरुमा नियमितरुपमा खोप कार्य संचालन गर्नुपर्नेछ

७. पशु आहाराः पशुहरुमा कम लगातमा बढि उत्पादन गर्न घाँसमा आधारित पशुपालन गर्न कृषकहरुहलाई पशु सेवा शखाबाट उन्नत जातका घाँसको वीउ तथ विरुवा उपलव्ध गराउँने व्यवस्था गर्नुपर्नेछ ।

८. ईपिडेमिक रिपोर्टिङः पशु सेवा शाखा र पशु सेवा केन्द्रले पशुहरुमा लाग्गे विभिन्न रोगहरुको उपचार गरेको विवरण संकलन गरी चौमासिक रुपमा पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यान, प्रदेश तथा पशु सेवा विभागमा रिपोर्टिङ गर्नुपर्नेछ ।

९. अनुदान कार्यक्रम संचालन तथा अनुगमनः प्रम्परागत पशुपालन पेशालाई सुधार गरी कृषकहरुलाई पशुपालन व्यवसायमा आकर्षित तथा व्यवसायिक वनाउँन गाउंपालिकाले उपलव्ध गराएको वजेट अनुसारको कार्यक्रम संचालन तथा नियमित अनुगमनको व्यवस्था गर्नुपर्नेछ। अनुगमन समितिमा तपशिल वमोजिमका पदाधिकारी रहने व्यवस्था छ।

| | |
|---|---|
| १.गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २.प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३.वडाध्यक्ष | सदस्य |
| ४.प्राविधिक शाखा प्रमुख | सदस्य |
| ५.योजना शाखा प्रमुख | सदस्य |
| ६.बिषयगत शाखा प्रमुख | सदस्य सचिव |

१०. फार्म तथा समुह/समिति दर्ता सिफारिसः व्यवसायिक पशुपालन सम्वन्धी फार्म तथा समुह/समिति पशु सेवा शाखामा दर्ता गरी सम्वन्धित कार्यालयमा दर्ता गर्नका लागी सिफारिस गर्नुपर्नेछ।

११. कृषकस्तर पशुपंक्षि पालन सम्वन्धि व्यवसायिक तालिम संचालनः पशु सेवा शखाले कृषकहरुको पशुपंक्षिपालन सम्वन्धि क्षमता विकासको लागी स्थलगत तालिम संचालन गर्नुपर्नेछ।

## परिच्छेद -३

## पशु सेवा केन्द्रले गर्ने कार्यहरु

१२. उपचार सेवाः पशु सेवा केन्द्रले कृषकहरुले ल्याएका विरामी पशुहरुको स्वास्थय अवस्था हेरी आवश्यक उपचार गरी रेर्कड राख्नुपर्नेछ।

१३. वन्ध्याकरणः कृषकहरुले सेवा केन्द्रमा ल्याएका भाले पशुहहरुको वर्डिजोको सहायताले वन्ध्याकरण गरी रेर्कड राख्नुपर्नेछ।

१४. खोप सेवाः पशु सेवा शाखाबाट उपलव्ध खोपहरु पशुहरुमा लगाई सोको प्रगति विवरण पशु सेवा शखामा पेश गर्नुपर्नेछ।

१५. ईपिडेमिक रिपोर्टिङः पशु सेवा केन्द्रले पशुहरुमा लाग्गे विभिन्न रोगहरुको उपचार गरेको विवरण संकलन गरी मासिक प्रगति विवरण पशु सेवा शाखाम पेश गर्नुपर्नेछ।

## परिच्छेद -४
## विविध

१६.थपघट तथा हेरफेर गर्न सक्नेः यो मापदण्डलाई व्यवस्थित र प्रभावकारी बनाउँन कार्यपालिकाले आवश्यकता अनुसार मापदण्डमा थपघट,हेरफेर तथा खारेज गर्न सक्नेछ ।

नोटः दार्मा गाउँपालिकाको पशु सेवा शाखा र सेवा केन्द्रहरुको संख्या र प्रति सेवा केन्द्रले पुर्याउँने पशु संख्याः
पशु सेवा केन्द्र संख्याः ३

| क्र.स. | सेवा केन्द्रको नाम | ठेगाना | सेवा क्षेत्र | पशुपंक्षि संख्या |
|---|---|---|---|---|
| १. | पशु सेवा केन्द्र,दार्माकोट | दार्मा गा.पा.-१ | वडा नं.१ र २ | १०७१५ |
| २. | पशु सेवा केन्द्र,भल्चौर | दार्मा गा.पा.४ | वडा नं.४ | ६३०० |
| ३. | पशु सेवा केन्द्र, गोठिविन | दार्मा गा.पा.-६ | वडा नं.५र६ | २०००० |
| ४. | पशु सेवा शाखा | दार्मा गा.पा.-३ | सवै वडा | ८०००० |